काँक्रेविहार

कर्णाली प्रदेशको पहिलो दैनिक

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : २४७ ❐ शुक्रवार, ५ असार, २०८३ ❐ Friday, 19 June 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

हटेन असारे विकासको प्रवृती

रकम खर्च गर्न असारभरी हुने दौडधुपले फेरि एकपटक 'असारे विकास'को पुरानै चक्र दोहोऱ्याइएको छ। प्रदेश सरकार गठन भएको आठ वर्ष समय बितिसक्दा पनि हरेक वर्ष उही मस्या दोहोरिनु नेतृत्व र प्रशासन दुवैको साझा असफलता हो।

❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ४ असार

कर्णाली प्रदेशमा 'असारे विकास' अन्त्य गर्ने प्रतिबद्धता हरेक वर्ष दोहोरिन्छ, तर व्यवहारमा पुरानै प्रवृत्ति कायम रहन्छ। आर्थिक वर्षको अधिकांश समय योजना र बजेट कार्यान्वयनमा सुस्त देखिने प्रदेश सरकार असार लागेसँगै विकास निर्माणका काम हतार-हतार अघि बढाउन बाध्य भएको छ।

यहाँका वडा तहदेखि प्रदेश सरकारका मन्त्रालयसम्मका अधिकांश योजनाहरू असारमै कार्यान्वयन गर्ने प्रवृती उच्च छ। त्यसले प्रभावकारी विकासभन्दा खर्च देखाउने प्रवृत्तिलाई दोहोऱ्याई रहेको छ। प्रदेश सरकार स्थापनादेखि नै बजेट कार्यान्वयनको कमजोर अवस्था कर्णालीको प्रमुख समस्याका रूपमा रहँदै आएको छ।

चालु आर्थिक वर्षमा यो समस्या समाधान हुने अपेक्षा नागरिकले गरेका थिए। तर आर्थिक वर्ष सकिन एक महिना बाँकी हँदा सार्वजनिक भएका तथ्यांकले फेरी पनि कर्णाली पुरानै रोगबाट मुक्त हुन नसकेको देखाएको छ।

प्रदेश सरकारको विकास बजेट कार्यान्वयनको अवस्था निकै निराशाजनक रहेको हो। चालु आर्थिक वर्ष २०८२/०८३ मा प्रदेशसँग १९ अर्ब ९८ करोड २७ लाख रुपैयाँ पुँजीगत बजेट रहेकामा जेठ मसान्तसम्म जम्मा पाँच अर्ब ५३ करोड ६१ लाख रुपैयाँ अर्थात् २७.७० प्रतिशत मात्र खर्च भएको छ। यसको अर्थ, विकासका



लागि छुट्याइएको झण्डै तीन चौथाइ बजेट अझै खर्च हुन सकेको छैन।

प्रदेश सरकारले चालु आर्थिक वर्षका लागि ३२ अर्ब ९९ करोड ६६ लाख रुपैयाँ बराबरको कुल बजेट ल्याएको थियो। तर ११ महिना बितिसक्दा कुल बजेट खर्च ३६.२६ प्रतिशतमा सीमित भएको छ। जेठ मसान्तसम्म १२ अर्ब तीन करोड ५६ लाख रुपैयाँ मात्र खर्च भएको प्रदेश लेखा नियन्त्रक कार्यालयले जनाएको छ।

अब आर्थिक वर्ष सकिन बाँकी रहेको एक महिनामा प्रदेश सरकारले कुल बजेटको ६३ प्रतिशतभन्दा बढी अर्थात् करिब २१ अर्ब १५ करोड रुपैयाँ खर्च गर्नुपर्ने अवस्था छ। वित्तीय व्यवस्थापनका जानकारहरूका अनुसार यस्तो लक्ष्य व्यवहारिक रूपमा सम्भव देखिँदैन। बरु यसले असार महिनामा जथाभावी भुक्तानी, हतारमा ठेक्का व्यवस्थापन र गुणस्तरमा सम्झौता हुने जोखिम बढाउँछ।

विकास बजेट खर्च हुन नसकेको अवस्थामा चालु खर्च भने तुलनात्मक रूपमा उच्च रहेको छ। प्रदेश सरकारले तलब, भत्ता तथा प्रशासनिक खर्चका लागि छुट्याइएको चालु बजेटमध्ये ५०.६४ प्रतिशत अर्थात् ६ अर्ब ३७ करोड ८० लाख रुपैयाँ खर्च गरिसकेको छ।

यता प्रदेश सरकारका अर्थमन्त्री राजीवविक्रम शाहले बजेट विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र वित्तीय अनुशासन कायम गर्ने प्रयास गरिएको दाबी गरेका छन्। उनले आर्थिक वर्षको अन्त्यसम्म कुल बजेटको ६३.५२ प्रतिशत अर्थात् २० अर्ब ९६ करोड रुपैयाँ खर्च हुने अनुमान पनि गरेका छन्। तर हालको खर्चको गति हेर्दा सरकारको दाबी नमिल्ने देखिन्छ।

कर्णाली सरकारको सञ्चित कोषमा अझै करिब १४ अर्ब रुपैयाँ पुँजीगत बजेट मौज्दात छ। यही रकम खर्च गर्न असारभरी हुने दौडधुपले फेरि एकपटक 'असारे विकास'को पुरानै चक्र दोहोरिने संकेत गरेको हो।

विगतभन्दा कमजोर अवस्था

चालु आर्थिक वर्षको बजेट कार्यान्वयन दर पछिल्ला केही वर्षयताकै कमजोर देखिएको

बाँकी पृष्ठ २

द्वन्द्वपीडितको न्याय सुनिश्चित गर्न राज्य गम्भीर बन्नुपर्नेमा जोड



❐ काँक्रेविहार संवाददाता
सुर्खेत, ४ असार

जिल्ला समन्वय समिति सुर्खेतका प्रमुख गंगाराम सुनारले द्वन्द्वपीडितलाई न्याय दिलाउँदै संक्रमणकालीन न्याय प्रक्रियालाई निष्कर्षमा पुऱ्याउनु राज्यको ऐतिहासिक जिम्मेवारी भएको बताएका छन्।

इन्सेक कर्णाली प्रदेश कार्यालय र मानव अधिकारका लागि महिला एकल महिला समूह सुर्खेतद्वारा वीरेन्द्रनगरमा आयोजित 'नेपालको संक्रमणकालीन न्याय र वर्तमान अवस्था' विषयक अन्तरपुस्ता संवाद कार्यक्रममा बोल्दै उनले सशस्त्र द्वन्द्वका पीडितहरूले वर्षौंदेखि न्यायको प्रतीक्षा गरिरहेको उल्लेख गरे। सत्यको उद्घाटन, पीडितको सम्मान, उचित परिपूरण तथा न्यायको प्रत्याभूति सुनिश्चित गर्दै प्रक्रिया टुंगोमा पुऱ्याउनुपर्नेमा उनले जोड दिए।

उनले पीडितमैत्री कानुन र प्रभावकारी कार्यान्वयनमार्फत राज्यले आफ्नो दायित्व पूरा गर्नुपर्ने बताउँदै दिगो शान्ति, सामाजिक सद्भाव र मेलमिलापका लागि संक्रमणकालीन न्यायको सफल निष्कर्ष अपरिहार्य रहेको धारणा राखे।

कार्यक्रममा मानव अधिकार रक्षक सञ्जाल कर्णाली प्रदेशका संयोजक पीताम्बर ढकालले संक्रमणकालीन न्यायलाई राजनीतिक प्रभावभन्दा माथि उठाएर पीडित केन्द्रित बनाउन आवश्यक रहेको बताए। उनले सत्य निरुपण र न्यायिक प्रक्रियामा विश्वसनीयता कायम गर्न नसकिए पीडित समुदायको विश्वास जित कठिन हुने उल्लेख गरे। साथै द्वन्द्वकालीन घटनाबारे नयाँ पुस्तालाई जानकारी गराउनुपर्ने आवश्यकता औंल्याउँदै सरकारले पीडितका सवाललाई पर्याप्त प्राथमिकता नदिएको टिप्पणी गरे।

नेपाल बार एशोसिएसनका केन्द्रीय उपाध्यक्ष विवस बस्नेतले संक्रमणकालीन न्याय अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डअनुसार अघि बढ्नुपर्ने बताए। उनले पीडितको न्याय प्राप्त गर्ने अधिकार सुनिश्चित गर्न कानुनी र संस्थागत संरचनालाई थप सुदृढ बनाउनुपर्ने धारणा राखे।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य नगेन्द्र उपाध्यायले संक्रमणकालीन न्याय प्रक्रियामा सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण रहेको उल्लेख गरे। सत्यतथ्यमा आधारित सूचना प्रवाह तथा पीडितका आवाजलाई सार्वजनिक बहसको केन्द्रमा ल्याउन पत्रकारितालाई निरन्तर भूमिका खेल्नुपर्ने उनको भनाइ थियो। द्वन्द्वकालीन घटनाबारे युवा पुस्तालाई जानकारी गराउन सके त्यसको प्रभाव समाजदेखि नीति निर्माण तहसम्म पुग्ने उनले बताए।

इन्सेक कर्णाली प्रदेश कार्यालयका संयोजक नारायण सुवेदीले संक्रमणकालीन न्यायको वर्तमान अवस्था, कानुनी प्रगति र बाँकी चुनौतीबारे कार्यपत्र प्रस्तुत गर्दै पीडितको अपेक्षाअनुसार प्रक्रिया अझ प्रभावकारी बनाउन आवश्यक

बाँकी पृष्ठ २

सीमा विवाद अध्ययन टोली सिमकोटमा

❐ काँक्रेविहार संवाददाता
हुम्ला, ४ असार

बाजुरा र हुम्ला जिल्लाबीच देखिएको सीमा विवादको यथार्थ अध्ययन गर्न सरकारद्वारा गठित उच्चस्तरीय अध्ययन समिति हुम्लाको सदरमुकाम सिमकोट पुगेको छ। नापी विभागका उपमहानिर्देशक तथा समितिका संयोजक सुशील डंगोलको नेतृत्वमा रहेको टोली बुधबार सिमकोट आइपुगेको हो। पाँच सदस्यीय अध्ययन समितिमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, गृह मन्त्रालय, कर्णाली प्रदेश सरकार र सुदूरपश्चिम प्रदेश सरकारका प्रतिनिधिहरू सहभागी छन्। टोलीमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका उपसचिव हरिप्रसाद गुरागाईं, गृह मन्त्रालयका उपसचिव



उमाकान्त अधिकारी, कर्णाली प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका उपसचिव खिमानन्द अर्याल तथा सुदूरपश्चिम प्रदेश सरकारका उपसचिव नारायण शाह सदस्यका रूपमा रहेका छन्। समिति नेपालगञ्जबाट हवाईमार्ग हुँदै सिमकोट पुगेको हो। टोलीले बिहीबार हुम्लाका जनप्रतिनिधि, राजनीतिक दल, नागरिक समाजका प्रतिनिधि तथा ज्येष्ठ नागरिकसँग सीमा विवादका विषयमा छलफल गर्ने कार्यक्रम तय गरेको छ। प्रमुख जिल्ला अधिकारी नारायण पाण्डे रेग्मीका अनुसार स्थानीय सरोकारवालासँगको छलफलपछि टोली शुक्रबार पैदलमार्ग हुँदै बाजुराको मार्तडीतर्फ प्रस्थान गर्नेछ।

गत जेठ तिन गते बाजुरा र हुम्लाको सीमा क्षेत्र लाम्पाटामा दुई पक्षबीच झडप भएको थियो। उक्त घटनापछि सीमा निर्धारण तथा विवादको वास्तविक अवस्था अध्ययन गर्न सरकारले जेठ ११ गते सुशील डंगोलको संयोजकत्वमा अध्ययन समिति

बाँकी पृष्ठ २

विपद् जोखिम न्यूनीकरणको पूर्वतयारी गरौं

- वर्षाको समयमा बाढी पहिरो तथा चट्याङको जोखिम हुन सक्छ,
- सम्भावित जोखिमको मूल्यांकन गरौं, सचेत बनौं,
- जोखिमयुक्त स्थानमा नबसौं, सुरक्षित स्थानमा बसौं,
- नदि किनारा वा भिरालो जमिनमा बसोबास भएकाहरु बिशेष सतर्क रहौं,
- सम्भावित जोखिमबाट बच्न आपतकालीन पूर्वयोजना बनाऔं,
- घर परिवार र छिमेकीहरूसँग मिलेर सुरक्षित स्थानको पहिचान गरौं,
- सम्पर्क बिन्दुहरु तय गरौं, सूचना प्रणालीमा आवद्ध होऔं,
- खाद्यान्न, पानी, प्राथमिक उपचार सामग्री, टर्चलाइट र आवश्यक औषधि आदि तयारी अवस्थामा राखौं,
- प्रकोप व्यवस्थापन तालिम तथा अभ्यासमा सहभागी बनौं,
- बालबालिका, वृद्धबृद्धा र अपाङ्गता भएका व्यक्तिको सुरक्षामा ध्यान दिऔं।

नेपाल सरकार

विज्ञापन बोर्ड

सम्पादकीय

नारा मात्र होइन, परिणाम चाहियो

कर्णाली प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटमार्फत पर्यटन क्षेत्रलाई विशेष प्राथमिकतामा राख्दै पाँच महत्वपूर्ण पर्यटकीय गन्तव्यको संरक्षण, विकास र प्रवर्द्धनका लागि २१ करोड ३५ लाख रूपैयाँ विनियोजन गरेको छ । रारा ताल, काँक्रेविहार, बुलबुले उद्यान तथा चौहान पार्क, कुपिण्डे दह र स्यार्पु ताल जस्ता पर्यटकीय स्थललाई केन्द्रमा राखेर बजेट छुट्याइनु सकारात्मक कदम हो । कर्णाली प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता, ऐतिहासिक सम्पदा र जैविक विविधताले सम्पन्न प्रदेश हो । रारा तालको विश्वस्तरीय आकर्षण, काँक्रेविहारको ऐतिहासिक महत्व, कुपिण्डे दह र स्यार्पु तालको प्राकृतिक सौन्दर्य तथा सुर्खेतका पर्यटकीय स्थलहरूको सम्भावनाले कर्णालीलाई नेपालको प्रमुख पर्यटन गन्तव्य बनाउने आधार तयार गरिसकेका छन् । तर सम्भावना मात्र पर्याप्त हुँदैन, त्यसलाई व्यवहारमा रूपान्तरण गर्ने क्षमता र प्रतिबद्धता आवश्यक पर्छ ।

सरकारले पर्यटन पूर्वाधार, पदमार्ग, उद्यान, दृश्यावलोकन स्थल तथा अन्य संरचना निर्माणका लागि थप ३९ करोड ९६ लाख रूपैयाँ विनियोजन गरेको छ । साथै होमस्टे, ग्रामीण पर्यटन, पर्यापर्यटन र पर्यटनसँग सम्बन्धित सीप विकास कार्यक्रम सञ्चालन गर्ने योजना पनि अघि सारेको छ । तर कर्णालीमा पर्यटन विकासका नाममा बजेट विनियोजन हुनु नयाँ विषय होइन । विगतका वर्षहरूमा पनि यस्ता धेरै योजना घोषणा भए, तर अपेक्षाअनुसार परिणाम देखिन सकेन । कतिपय परियोजना अधुरै रहे, कतिपय बजेट खर्चमै सीमित भए। पर्यटन पूर्वाधार निर्माणमा ढिलाइ, पहुँच मार्गको कमजोरी, सेवा सुविधाको अभाव र प्रभावकारी प्रचार-प्रसार नहुनु आज पनि मुख्य चुनौतीका रूपमा कायम छन् ।

'कर्णाली पर्यटन दशक' सफल बनाउन केवल बजेट छुट्याउनु पर्याप्त हुँदैन। स्पष्ट कार्ययोजना, समयबद्ध कार्यान्वयन, पारदर्शी खर्च प्रणाली र प्रभावकारी अनुगमन आवश्यक छ । अन्यथा दशक घोषणा पनि विगतका महत्वाकांक्षी नाराजस्तै कागजमै सीमित हुने जोखिम रहन्छ । पर्यटन विकासको केन्द्रमा स्थानीय समुदायलाई राख्नु पनि उत्तिकै आवश्यक छ । पर्यटनबाट स्थानीय नागरिकले प्रत्यक्ष लाभ नपाएसम्म दिगो विकास सम्भव हुँदैन । होमस्टे, स्थानीय उत्पादन, सांस्कृतिक कार्यक्रम र पर्यटनसँग सम्बन्धित उद्यमशीलतामा स्थानीय सहभागिता बढाउन सकिए मात्र पर्यटनले आर्थिक समृद्धिको आधार तयार गर्न सक्छ । कर्णालीलाई पर्यटनको केन्द्र बनाउने सपना असम्भव छैन । तर त्यसका लागि राजनीतिक घोषणाभन्दा बढी आवश्यक छ, नतिजामुखी कार्यान्वयन। रारा, काँक्रेविहार, कुपिण्डे दह वा स्यार्पु तालले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा स्थापित गर्ने अवसर अहिले प्रदेश सरकारसँग छ। प्रश्न यति मात्र हो, के यो अवसरलाई उपलब्धिमा बदल्ने इच्छाशक्ति र क्षमता सरकारसँग छ? कर्णाली पर्यटन दशकको सफलता घोषणा गरिएको बजेटको आकारले होइन, पर्यटकको संख्या, सिर्जना भएका रोजगारी, स्थानीयको आम्दानी र प्रदेशको आर्थिक रूपान्तरणले मापन हुनेछ । त्यसैले अब कर्णालीले नयाँ नारा होइन, नयाँ परिणाम खोजिरहेको छ ।

ढुङ्गा बोकेर अर्थतन्त्र सुध्रिदैन



✍ दिपेश पौडेल

पालको समकालीन राजनीतिक इतिहासमा विसं २०७९ को स्थानीय निर्वाचन एउटा सामान्य प्रशासनिक प्रक्रिया मात्र थिएन, यो परम्परागत राजनीतिक शक्ति संरचना र स्थापित दलीय प्रणालीको एकाधिकारविरुद्ध नागरिकस्तरबाट प्रकट भएको संरचनागत असन्तोषको बलियो संकेत थियो । लामो समयदेखि मुलुकको शासनसत्ता सञ्चालन गरिरहेका प्रमुख दलभित्रको आन्तरिक लोकतन्त्रको क्षयीकरण, नीतिगत भ्रष्टाचार, बिचौलियातन्त्र र जनअपेक्षा उपेक्षा गर्ने प्रवृत्तिको कारण आमनागरिकमा एक प्रकारको राजनीतिक विकल्पहीनता र उदासीनता व्याप्त थियो । यही सन्दर्भमा धरानको स्थानीय तहबाट हर्क साम्पाङको उदय भयो ।

कुनै परम्परागत राजनीतिक विरासत वा सुदृढ वित्तीय स्रोतबिना नै केवल भौतिक श्रमलाई उत्पादनको मुख्य आधार मान्ने श्रम संस्कृति र रैथाने स्रोतको वकालत गर्दै स्थापित भएको उनको यो उदय नेपाली राजनीतिक भूगोलमा एउटा मौलिक परिपरिघटना थियो, जसले राज्य र नागरिकबीचको प्रत्यक्ष संवाद र सहभागितामूलक राजनीतिको नयाँ बहस प्रारम्भ गरेको थियो ।

विसं २०७९ को त्यो स्थानीय जनमतको जगबाट सुरु भएको साम्पाङको राजनीतिक यात्रा विसं २०८२ को नवपुस्ता अर्थात् 'जेन-जी' आन्दोलन हुँदै विसं २०८३ को संसदीय अभ्याससम्म आइपुग्दा एउटा गम्भीर नीतिगत र संरचनागत मोडमा आइपुगेको छ । खासमा, व्यक्तिगत निष्ठा, साहस र आन्दोलनकारी जुझारुपन विद्रोहको नेतृत्व गर्न वा स्थापित शक्तिलाई चुनौती दिन जति प्रभावकारी हुन्छ, संसद् र राज्य सञ्चालनजस्तो स्थायी पद्धतिमा पुगेपछि त्यसलाई अनिवार्य रूपमा संस्थागत क्षमता र कानुनी परिपक्वतामा रूपान्तरण गर्नुपर्ने हुन्छ ।साम्पाङको मूल समस्या नै आफ्नो त्यही सुरुवाती विद्रोही ऊर्जा र आन्दोलनकारी स्वरूपलाई देश चलाउने संस्थागत पद्धति र व्यापक नीतिगत दृष्टिकोणमा ढाल्न नसक्नु हो । जसका कारण उनको संरचनागत अवसर, कार्यकारी क्षमता, प्राज्ञिक स्वीकार्यता र समग्र राष्ट्रिय साख क्रमशः रूपान्तरण र संकुचनको दिशातिर उन्मुख भएको देखिन्छ । यस अवस्थामा उनको लोकप्रियता संसदीय अंकगणितमा बदलियो तर ऐतिहासिक सामाजिक-सांस्कृतिक रूपान्तरणको बृहत्तर मार्गचित्रबाट उनी विमुख हुँदै गएको विषयमा गम्भीर विश्लेषण आवश्यक बन्दै गएको छ ।

साम्पाङको यो यात्रामा केही महत्त्वपूर्ण सांगठनिक र संस्थागत विकास भइरहेका छन् । स्थानीय तहमा सिर्जित स्वतन्त्र लहरलाई देशव्यापी रूपमा संस्थागत गर्ने उद्देश्यका साथ श्रम संस्कृति पार्टीको गठन हुनु आफैंमा एउटा संगठनात्मक फड्को हो ।

साम्पाङको यो यात्रामा केही महत्त्वपूर्ण सांगठनिक र संस्थागत विकास भइरहेका छन् । स्थानीय तहमा सिर्जित स्वतन्त्र लहरलाई देशव्यापी रूपमा संस्थागत गर्ने उद्देश्यका साथ श्रम संस्कृति पार्टीको गठन हुनु आफैंमा एउटा संगठनात्मक फड्को हो । परम्परागत दलको बलियो गढ मानिएको सुनसरी क्षेत्र नम्बर १ मा विजय हासिल गर्नुले तल्लो तहमा उनको राजनीतिक प्रभाव कायमै रहेको संकेत गर्छ र यसले स्थापित दलीय किल्लालाई कडा चुनौती दिइरहेको छ । प्रतिनिधि सभाको निर्वाचनमा सामेल भएर सात सिटसहित राष्ट्रिय दलको मान्यता प्राप्त गर्नु र संसद्को पाँचौं ठूलो शक्तिका रूपमा स्थापित हुनुले उनको दलको सांगठनिक विस्तारलाई प्राविधिक रूपमा पुष्टि गर्छ । यो सफलताले उनीसामु नयाँ संरचनागत सीमा र दलीय अनुशासनका जटिलता पनि थपिदिएको छ । यही यात्राका क्रममा मधेसी समुदायबाट रुबीकुमारी ठाकुरलाई संसद्मा पुऱ्याउने उनको निर्णय समावेशी कूटनीतिको एक सकारात्मक संकेत हो, जसले उनको आन्दोलनलाई क्षेत्रीय घेराबन्दी तोडेर राष्ट्रिय स्वरूप दिने एउटा सचेत प्रयत्न गरेको देखिन्छ ।

संसदीय र प्राविधिक सफलताका पर्दा पछाडि उनले गुमाउँदै गरेका नीतिगत र रणनीतिक अवसरको शृत्र ला अत्यन्त गम्भीर देखिन्छ । सुरुवातमा दलविहीनताको सौन्दर्य बोकेर देशैभरिका असन्तुष्ट र स्वतन्त्र चेत भएका नागरिकको नैतिक नेतृत्व गर्ने जुन अभूतपूर्व अवसर साम्पाङलाई प्राप्त थियो । त्यो आफ्नै दल दर्ता गरेर चुनावी प्रतिस्पर्धाको चक्रव्यूहमा होमिएसँगै कमजोर बन्दै गएको छ । धरानको स्थानीय तहमा अभ्यास गरिएको 'ढुङ्गा बोक्ने श्रम संस्कृति' स्थानीय नागरिक परिचालन र श्रमको चेतना जगाउनका लागि जति प्रभावकारी र जनप्रिय ठहरिएको थियो, संसद्जस्तो समष्टिगत र जटिल नीति निर्माण गर्ने थलोमा आइपुग्दा त्यसले देश चलाउने व्यापक वैचारिक तथा नीतिगत विकल्प दिन सकिरहेको छैन ।

धरानको स्थानीय तहमा अभ्यास गरिएको 'ढुङ्गा बोक्ने श्रम संस्कृति' स्थानीय नागरिक परिचालन र श्रमको चेतना जगाउनका लागि जति प्रभावकारी र जनप्रिय ठहरिएको थियो, संसद्जस्तो समष्टिगत र जटिल नीति निर्माण गर्ने थलोमा आइपुग्दा त्यसले देश चलाउने व्यापक वैचारिक तथा नीतिगत विकल्प दिन सकिरहेको छैन ।

संसद्को पाँचौं शक्तिका रूपमा स्थापित भइसक्दा समेत उनको दलसँग मुलुकको दीर्घकालीन आर्थिक सुधार, आयात प्रतिस्थापन, राष्ट्रिय पञ्चवर्षीय योजना, परराष्ट्र सम्बन्ध र संघीयताको सुदृढीकरणका सवालमा ठूलो नीतिगत शून्यता देखिन्छ । देशको अर्थतन्त्रलाई गति दिन र भुक्तानी सन्तुलन सुधार्नका लागि आवश्यक पर्ने जटिल मौद्रिक नीति, वित्तीय व्यवस्थापन वा अन्तर्राष्ट्रिय व्यापार सम्झौताका सवालमा श्रम संस्कृति पार्टीले संसद्मा प्रस्तुत गरेका बजेट संशोधन र आर्थिक विधेयक अत्यन्त सतही र नारामा मात्र सीमित देखिन्छन्, जसले 'ढुङ्गा बोक्ने' आन्दोलनको मोडेलले राष्ट्रिय अर्थतन्त्रका बृहत्तर चुनौती समाधान गर्न सक्दैन भन्ने व्यावहारिक यथार्थलाई पुष्टि गरिरहेका छन् ।

यससँगै, स्वतन्त्र आन्दोलनबाट दलमा रूपान्तरण भएपछि साम्पाङको व्यक्तिगत निर्णय गर्ने शैली र पार्टीभित्र हुनुपर्ने आन्तरिक लोकतन्त्रको मूल्यबीच गम्भीर द्वन्द्व देखिन थाल्यो, जसले गर्दा संसद् भित्र रहेका बौद्धिक वर्ग, प्राज्ञिक समुदाय र नीति अनुसन्धान संस्थासँग उनको दलको दूरी बढ्न गई विचारले प्राज्ञिक स्वीकार्यता पाउन सकेन । यो सांगठनिक र नैतिक विचलनको सबैभन्दा ठूलो प्रभाव साम्पाङको स्थानीय जनमतको परित्यागमाथि उठ्ने प्रश्नमा देखिन्छ। धरानका नागरिकले उनलाई ५ वर्षका लागि स्थानीय सरकार चलाउने र धरानलाई सुशासित नमुना सहर बनाउने स्पष्ट म्यान्डेट दिएका थिए । त्यो कार्यकारी जिम्मेवारी र म्यान्डेट पूरा नगरी, आफ्नो कार्यकालको ठोस नतिजा नदेखाउँदै राष्ट्रिय राजनीति र संसद् प्रवेश गर्ने उनको हतारोलाई भुइँतहको जनमतप्रतिको एक प्रकारको अवसरवादी विचलनका रूपमा हेर्न थालियो । स्थानीय शासकीय अनुभवलाई तार्किक निष्कर्षमा नपुऱ्याई विधायिकी भूमिकामा फड्को मार्ने यो निर्णयले उनको जुन नैतिक र राजनीतिक धरातल थियो, त्यसमा ठूलो ह्रास ल्याउने काम गऱ्यो । जसले गर्दा उनी केवल चुनावी र अंकगणितीय राजनीतिमा मात्र केन्द्रित रहेको सन्देश दिएको छ ।

यो वैचारिक रिक्तताको अर्को प्रस्ट रूप विसं २०८२ को नवपुस्ता अर्थात् 'जेन-जी' आन्दोलनका क्रममा उजागर भयो । देशमा विद्यमान बेथिति र व्यवस्थागत कमजोरीविरुद्ध सडकमा ओर्लिएका युवाको ऊर्जा र असन्तोषलाई समेटेर एउटा दूरदर्शी र परिपक्व रणनीतिक मार्गचित्र दिनुपर्नेमा साम्पाङले "मलाई देशको प्रधानमन्त्री बनाऊ" भन्ने संकथन अघि सारे । संस्थागत एजेन्डा र सुदृढ वैचारिक धरातल नभएका पपुलिस्ट अर्थात् लोकप्रियतावादी नेता संकटको घडीमा कसरी संस्थागत समाधान दिनुको सट्टा झन् बढी व्यक्ति-केन्द्रित र आत्मकेन्द्रित बन्न पुग्छन् भन्ने कुरा उनको अभिव्यक्तिले पुष्टि गर्छ । संकट व्यवस्थापनमा युवा पुस्ताले एउटा अविचलित र नीतिगत रूपमा स्पष्ट सामूहिक नेतृत्व खोजिरहेका बेला उनको यो महत्त्वाकांक्षाले नेतृत्व क्षमतामाथि नै प्रश्नचिह्न खडा गरिदियो, जसको परिणामस्वरूप त्यो युवा विद्रोहको वास्तविक राजनीतिक लाभ र साख अन्य उदीयमान शक्तिको पोल्टामा सर्न पुग्यो ।

देशको कार्यकारी प्रमुख अर्थात् प्रधानमन्त्री बालेन शाह र श्रम संस्कृति पार्टीको संसदीय दलको नेताका रूपमा रहेका हर्क साम्पाङबीचको सम्बन्ध र द्वन्द्वलाई गहिरो गरी केलाउनु आवश्यक हुन्छ । विसं २०७९ को स्थानीय निर्वाचनमा सँगसँगै स्वतन्त्र रूपमा उदाउँदा यी दुई नायकबीच एक प्रकारको सौहार्दपूर्ण वातावरण देखिए पनि समयक्रममा यो सम्बन्ध उनीहरूले प्रतिनिधित्व गर्ने दुई भिन्न सामाजिक-आर्थिक वर्ग र राजनीतिक शैलीको संरचनागत टकरावमा परिणत भएको देखिन्छ ।

हटेन...

छ । गत आर्थिक वर्ष २०८१/०८२ को यही अवधिमा प्रदेश सरकारले कुल बजेटको ४१.७९ प्रतिशत खर्च गरिसकेको थियो । विकासतर्फ मात्र पनि ३२ प्रतिशत बजेट कार्यान्वयन भइसकेको थियो । यस वर्ष भने विकास बजेट खर्च २७.७० प्रतिशतमा खुम्चिएको छ । यसले प्रदेश सरकारको योजना व्यवस्थापन, ठेक्का प्रक्रिया, प्रशासनिक समन्वय र अनुगमन प्रणालीमा अझै गम्भीर समस्या रहेको संकेत गर्छ । बजेट निर्माणका बेला महत्वाकांक्षी योजना घोषणा गरिए पनि कार्यान्वयनमा भने मन्त्रालयहरू असफल देखिएका छन् ।

सबैभन्दा धेरै पुँजीगत बजेट रहेको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको अवस्था झन् चिन्ताजनक छ । यो मन्त्रालयसँग १० अर्ब ७३ करोड १४ लाख रुपैयाँ पुँजीगत बजेट रहेकामा ११ महिनामा जम्मा दुई अर्ब ८९ करोड रुपैयाँ अर्थात् २७.८५ प्रतिशत मात्रै खर्च भएको छ । सडक, पुल, भवन र पूर्वाधार निर्माणको जिम्मेवारी बोकेको यही मन्त्रालयले अपेक्षित गति लिन नसक्दा प्रदेशको समग्र विकास खर्च प्रभावित भएको देखिन्छ ।

यता विकासे मन्त्रालयमा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको अवस्था तुलनात्मक रूपमा राम्रो भए पनि सन्तोषजनक छैन । यो मन्त्रालयले तीन अर्ब ५५ करोड रुपैयाँभन्दा बढी पुँजीगत बजेटमध्ये एक अर्ब ४३ करोड रुपैयाँ अर्थात् ४१.९९ प्रतिशत मात्र खर्च गर्न सकेको छ ।

विकास निर्माणका मुख्य मन्त्रालयहरू नै बजेट खर्चमा कमजोर देखिनुले समस्या प्रक्रियागत नभई व्यवस्थापकीय र संरचनागत रहेको प्रष्ट हुन्छ । यता बजेट कार्यान्वयन कमजोर हुनुका कारणबारे सरकारभित्र नै फरक-फरक धारणा देखिन्छ । मन्त्रीहरू र कर्मचारीतन्त्रले पटक-पटक आन्दोलन, राजनीतिक गतिविधि र निर्वाचनलाई कारण देखाउने गरेका छन् ।

मुख्यमन्त्री यामलाल कँडेल भने बजेट कार्यान्वयनमा कर्मचारीतन्त्रकै कमजोरी रहेको बताउँदै आएका छन् ।

नका अनुसार नीति र बजेट बने पनि कार्यान्वयन गर्ने निकायले अपेक्षित रूपमा काम नगर्दा परिणाम कमजोर बनेको हो । तर प्रशासन र राजनीतिक नेतृत्वबीचको यही दोषारोपणले समस्या समाधानको स्पष्ट मार्गचित्र अझै नदेखिएको नागरिक समाजका अगुवाहरू बताउँछन् । किनकी प्रदेश सरकार गठन भएको आठ वर्ष समय बितिसक्दा पनि हरेक वर्ष उही समस्या दोहोरिनु नेतृत्व र प्रशासन दुवैको साझा असफलता हो ।नागरिकले अपेक्षा गरेको समयमै योजना सम्पन्न गर्ने, गुणस्तरीय विकास गर्ने र परिणाममुखी बजेट प्रणाली अझै कर्णालीमा स्थापित हुन सकेको छैन । बरु प्रदेश सरकार स्थापनादेखि आलोचित हुँदै आएको 'असारे विकास'को प्रवृत्ति यस वर्ष पनि दोहोरीएको हो ।

द्वन्द्वपीडितको...

रहेको धारणा राखे ।

राष्ट्रिय मानव अधिकार आयोग कर्णाली प्रदेश कार्यालयका सूचना अधिकारी राजेन्द्र न्यौपानेले आयोगले द्वन्द्वपीडितको न्याय सुनिश्चित गर्न तथा मानवअधिकार संरक्षणका विषयमा निरन्तर अनुगमन र पैरवी गरिरहेको जानकारी दिए । मानव अधिकारका लागि महिला एकल महिला समूहकी केन्द्रीय सदस्य रामकुमारी थापाले द्वन्द्वका कारण प्रभावित महिला, एकल महिला तथा परिवारका सदस्यहरूको पीडा अझै सम्बोधन हुन नसकेको बताउँदै उनीहरूको न्याय र परिपूरण सुनिश्चित गर्न आग्रह गरिन् ।

गैरसरकारी संस्था महासंघ सुर्खेतका अध्यक्ष प्रकाश सारुले शान्ति प्रक्रियाको पूर्णता तथा लोकतन्त्रको सुदृढीकरणका लागि संक्रमणकालीन न्यायको प्रभावकारी कार्यान्वयन आवश्यक रहेको बताए । नेपाल रेडक्रस सोसाइटी सुर्खेतका सभापति रामलाल आचार्यले द्वन्द्वको असर अझै समाजमा कायम रहेको उल्लेख गर्दै मेलमिलाप, सहिष्णुता र मानवियतामा आधारित दृष्टिकोण आवश्यक रहेको बताए । कार्यक्रममा मानव अधिकारका लागि महिला एकल महिला समूह सुर्खेतकी अध्यक्ष ममता नगालले द्वन्द्वपीडितका आवाजलाई नीति निर्माण तहसम्म पुऱ्याउन यस्ता संवाद कार्यक्रम प्रभावकारी हुने बताइन् ।अन्तर्क्रियामा सहभागी द्वन्द्वपीडित पूर्णप्रसाद पौडेल, ऋषि गिरी र विजयसरा शाहीले वर्षौंदेखि न्यायको प्रतीक्षामा रहेको पीडा सुनाउँदै घटनाको सत्यतथ्य सार्वजनिक गर्न, दोषीलाई जवाफदेही बनाउन र उचित परिपूरणको व्यवस्था गर्न राज्यसँग माग गरे । उनीहरूले द्वन्द्वकालीन घटनाबारे नयाँ पुस्तामा पर्याप्त जानकारी नपुग्नु पनि राज्यले पीडितका मुद्दालाई प्राथमिकता नदिएको संकेत भएको बताए ।

कार्यक्रमका सहभागीहरूले संक्रमणकालीन न्याय प्रक्रियालाई पीडितमैत्री, पारदर्शी र विश्वसनीय बनाउँदै सत्य, न्याय, परिपूरण तथा पुनर्मिलनका आधारमा निष्कर्षमा पुऱ्याउनुपर्नेमा जोड दिएका छन् ।

सीमा...

गठन गरेको थियो अध्ययन टोलीले बुधबार नै हेलिकोप्टर मार्फत लाम्पाटा क्षेत्रको प्रारम्भिक अवलोकनसमेत गरेको जनाएको छ । यसअघि लाम्पाटा घटनाको छानबिनका लागि गृह मन्त्रालयले नेपाल प्रहरीका एसएसपी बिमलराज पौडेलको संयोजकत्वमा छुट्टै जाँचबुझ समिति गठन गरेको थियो । उक्त समितिले दुवै जिल्लाको स्थलगत अध्ययन सम्पन्न गरी आफ्नो प्रतिवेदन गृह मन्त्रालयमा बुझाइसकेको छ । सरकारले सीमा विवाद समाधानका लागि तथ्यमा आधारित निष्कर्ष निकाल्न अध्ययन समितिको प्रतिवेदनलाई महत्वपूर्ण आधारका रूपमा लिने अपेक्षा गरिएको छ ।

बालविवाह न्यूनिकरणबारे अभिमुखीकरण कार्यक्रम

काँक्रेविहार संवाददाता
जुम्ला, ४ असार

बालविवाह न्यूनीकरण तथा बालअधिकार संरक्षणका विषयमा साझा धारणा र प्रभावकारी वकालत विकास गर्ने उद्देश्यले जुम्लामा बालविवाह सम्बन्धी साझा बुझाइ अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

बालविवाहविरुद्धको साझा अभियान सञ्जाल (क्याक्मा) जुम्लाको आयोजनामा तथा क्याक्मा कर्णाली प्रदेशको समन्वयमा उक्त कार्यक्रम सञ्चालन गरिएको हो। कार्यक्रममा बालविवाहका विविध पक्ष, यसको सामाजिक तथा कानुनी प्रभाव, बालअधिकार संरक्षणमा सरोकारवालाको भूमिका र समुदायस्तरमा आवश्यक सचेतनाका विषयमा विस्तृत छलफल तथा अन्तरक्रिया गरिएको थियो।

सहभागीहरूले बालविवाह रोकथामका लागि साझा दृष्टिकोण निर्माण गर्दै प्रभावकारी वकालतका उपायबारे पनि विचार आदानप्रदान गरेका थिए।



अभिमुखीकरण कार्यक्रमको सहजीकरण क्याक्मा कर्णाली प्रदेशका सदस्य तथा अधिवक्ता रणबहादुर कार्कीले गरेका थियो। उनले बालविवाहलाई केवल कानुनी विषयका रूपमा मात्र नभई सामाजिक, आर्थिक र सांस्कृतिक आयामसँग जोडिएको जटिल समस्या भएको बताए। बालविवाह अन्त्यका लागि समुदाय, परिवार, विद्यालय, स्थानीय सरकार तथा सरोकारवाला निकायबीच समन्वित प्रयास आवश्यक रहेको उनको भनाइ थियो।

कार्यक्रममा विवाहको साझा परिभाषा, कानुनले तोकेको विवाहको उमेर सीमा, बालविवाहका कारण र परिणाम, बालविवाहलाई अपराधीकरण गर्ने वा नगर्ने विषयमा बहस, वयस्कहरूको जिम्मेवारी तथा सुधारात्मक र पुनःस्थापनामुखी दृष्टिकोणलगायतका विषयमा गहन छलफल गरिएको थियो साथै बालविवाहसम्बन्धी नीति, कानुनी व्यवस्था र त्यसको प्रभावकारी कार्यान्वयनका चुनौतीहरूबारे पनि सहभागीहरूलाई जानकारी गराइएको थियो।

छलफलका क्रममा कर्णाली प्रदेशमा बालविवाहको वर्तमान अवस्था, उपलब्ध तथ्यांक, संवेदनशील समुदायहरूको अवस्था, बालविवाहका सामाजिक तथा आर्थिक कारणहरू, यसले बालबालिकाको शिक्षा, स्वास्थ्य र भविष्यमा पार्ने असर तथा कानुनी कार्यान्वयनमा देखिएका कमजोरीहरूबारे विशेष प्रस्तुति समेत गरिएको थियो।

सहभागीहरूले बालविवाह न्यूनीकरणका लागि कानुनी व्यवस्था मात्र पर्याप्त नहुने भन्दै समुदायस्तरमा व्यापक जनचेतना, अभिभावकको जिम्मेवारीबोध, किशोरकिशोरीकोसशक्तीकरण तथा स्थानीय तहको सक्रिय भूमिका आवश्यक रहेको धारणा व्यक्त गरेका थिए।

उनीहरूले बालविवाहका कारण शिक्षा छोड्ने, स्वास्थ्य समस्या भोग्ने र घरेलु हिंसाको जोखिम बढ्ने भएकाले यसविरुद्ध सबै पक्ष एकजुट हुनुपर्नेमा जोड दिएका थिए।

कार्यक्रममा क्याक्मा जुम्लाका सदस्यहरू, विभिन्न बाल क्लबका पदाधिकारी, कानुन व्यवसायी, सामाजिक अभियन्ता तथा बालअधिकारका क्षेत्रमा कार्यरत व्यक्तिहरूको सहभागिता रहेको थियो।

सहभागीहरूले यस्ता अभिमुखीकरण कार्यक्रमले बालविवाहविरुद्ध साझा धारणा निर्माण गर्न र समुदायस्तरमा प्रभावकारी अभियान सञ्चालन गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरेका छन्।

आयोजकका अनुसार आगामी दिनमा पनि बालविवाह न्यूनीकरण, बालअधिकार संरक्षण तथा सुरक्षित बाल्यकाल सुनिश्चित गर्न विभिन्न सचेतनामूलक कार्यक्रम र अभियान सञ्चालन गरिनेछ।

रेबिज खोपको अभाव



खोप आपूर्तिको समस्या समाधान गर्न सम्बन्धित निकायले तत्काल पहल गर्नुपर्ने माग सर्वसाधारणले गरेका छन्।

काँक्रेविहार संवाददाता
जाजरकोट, ४ असार

जाजरकोटमा रेबिजविरुद्धको खोप अभाव हुँदा सर्वसाधारणले सास्ती भोग्नुपरेको छ। कर्णाली प्रदेश सरकारबाट समयमै खोप आपूर्ति नभएकाले जिल्ला स्वास्थ्य सेवा कार्यालय र जाजरकोट अस्पतालमा खोपको मौज्दात सकिएको जनाइएको छ। गाउँबस्तीका स्वास्थ्य चौकीहरूमा खोप उपलब्ध नभएपछि रेबिजविरुद्धको खोप लगाउन अस्पताल पुग्ने सेवाग्राही निराश भएर फर्किन बाध्य भएका छन्।

जिल्लाका सातवटै स्थानीय तहका नागरिकलाई सहज स्वास्थ्य सेवा दिने उद्देश्यले जाजरकोट अस्पताललाई १५ शय्याबाट ५० शय्यामा स्तरोन्नति गरिए पनि आधारभूत खोपको अभावले सेवा प्रभावित बनेको छ। खोप नपाएपछि स्थानीयहरू रुकुमपश्चिमको चौरजहारी अस्पताल तथा सुर्खेतस्थित प्रदेश अस्पतालसम्म पुग्न बाध्य भएका छन्।

भेरी नगरपालिका-११ का तिलक आचार्यले अस्पतालको भौतिक संरचना विस्तार भए पनि आवश्यक स्वास्थ्य सेवा अझै प्रभावकारी हुन नसकेको बताए।

विशेषगरी कुकुरको टोकाइपछि रेबिज संक्रमणको जोखिममा परेका नागरिक खोपका लागि अस्पताल पुग्ने गरेका छन्। तर सरकारी अस्पतालमा खोप नहुँदा उनीहरूले निजी मेडिकलबाट महँगो मूल्यमा खोप खरिद गरी लगाउनुपर्ने अवस्था सिर्जना भएको छ।

सरकारले निःशुल्क उपलब्ध गराउने रेबिजविरुद्धको खोप अभाव हुँदा आर्थिक भार समेत बढेको स्थानीयको गुनासो छ।

खोप आपूर्तिको समस्या समाधान गर्न सम्बन्धित निकायले तत्काल पहल गर्नुपर्ने माग सर्वसाधारणले गरेका छन्।

निःशुल्क जडीबुटीका बिरुवा वितरण



काँक्रेविहार संवाददाता
सल्यान, ४ असार

वनस्पति अनुसन्धान केन्द्र सल्यानले औषधीय तथा आर्थिक महत्वका विभिन्न जडीबुटी र वनस्पतिका बिरुवा निःशुल्क वितरण अभियान सुरु गरेको छ।

वनस्पति अनुसन्धान तथा बिरुवा उत्पादनलाई प्रोत्साहन गर्ने उद्देश्यले केन्द्रले असार एक गतेदेखि बिरुवा वितरण कार्य अघि बढाएको हो।

परम्परागत खेतीबाट अपेक्षित आम्दानी नहुँदा, उत्पादन लागत बढ्दै जाँदा र खेतीयोग्य जमिन बाँझो रहने क्रम बढिरहेका बेला जडीबुटी खेती किसानका लागि आकर्षक विकल्प बन्दै गएको छ।

एक पटक रोपेर लामो समयसम्म उत्पादन लिन सकिने र बजारमा राम्रो मूल्य प्राप्त हुने भएकाले यस्ता वनस्पतिलाई किसानले भविष्यको स्थायी आम्दानी स्रोतका रूपमा लिन थालेका छन्।

आयआर्जन वृद्धि तथा जैविक विविधताको संरक्षण गर्ने लक्ष्यसहित केन्द्रले सल्यानसहित आसपासका जिल्लामा बिरुवा वितरण गरिरहेको छ।

कपुरकोट गाउँपालिका तिन मूलपानीस्थित अनुसन्धान केन्द्र र त्यसअन्तर्गतका नर्सरीहरूमा हाल करिब ७५ हजार बिरुवा मौज्दात रहेको केन्द्रका प्रमुख वैज्ञानिक अधिकृत डा. मित्र पाठकले जानकारी दिए।

उनका अनुसार चालु आर्थिक वर्षमा करिब ५० हजार बिरुवा उत्पादन गरिएको छ भने गत वर्ष उत्पादन भई बाँकी रहेका २५ हजार बिरुवा पनि वितरणका लागि तयार छन्।

डोल्पामा सिबक्थोर्न जुस उत्पादन सुरू

काँक्रेविहार संवाददाता
डोल्पा, ४ असार

हिमाली क्षेत्रको बहुमूल्य प्राकृतिक सम्पदा मानिने सिबक्थोर्न (डालेचुक) को व्यावसायिक उपयोगलाई प्रवर्द्धन गर्ने उद्देश्यले डोल्पोबुद्ध गाउँपालिकाले स्थानीयस्तरमै जुस उत्पादन सुरु गरेको छ।

सिबक्थोर्नको संरक्षण, प्रशोधन र बजारीकरणमार्फत स्थानीय नागरिकको आयआर्जन वृद्धि गर्ने लक्ष्यसहित गाउँपालिकाले यो अभियान अघि बढाएको हो।

समुद्री सतहदेखि करिब चार हजारदेखि चार हजार पाँच सय मिटर उचाइसम्मका नदी तथा खोलाका किनारमा प्राकृतिक रूपमा पाइने सिबक्थोर्न डोल्पाको उच्च हिमाली क्षेत्रमा प्रशस्त मात्रामा पाइन्छ।

पोषण र औषधीय गुणले भरिपूर्ण यस फलमा भिटामिन 'सी', ओमेगा तिन, छ, सात र नौ लगायतका महत्वपूर्ण पोषक तत्व पाइने भएकाले



यसलाई "हिमालयन सुपर फ्रुट" तथा "सञ्जीवनी बुटी" का रूपमा समेत चिनिन्छ।

यद्यपि, विगतमा यसको संरक्षण, प्रशोधन र व्यावसायिक उपयोगमा पर्याप्त ध्यान नदिँदा स्थानीय समुदायले यसको आर्थिक लाभ लिन सकेका थिएनन्। यही अवस्थालाई परिवर्तन गर्न डोल्पोबुद्ध गाउँपालिकाले वडा नम्बर एक धोमा सिबक्थोर्न प्रशोधन तथा उत्पादन केन्द्र स्थापना गरी जुस उत्पादनको सुरुवात गरेको हो।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मानबहादुर थापाका अनुसार स्थानीयस्तरमै प्रशोधन उद्योग स्थापना भएपछि सिबक्थोर्नलाई बजारसँग जोड्न सहज हुने अपेक्षा गरिएको छ।

यसबाट स्थानीय किसान, संकलनकर्ता तथा समुदायले प्रत्यक्ष आर्थिक लाभ प्राप्त गर्ने विश्वास गरिएको छागाउँपालिकाले प्रारम्भिक चरणमा पाइलट परियोजनाका रूपमा सुरु गरिएको यो कार्यक्रमलाई आगामी दिनमा थप विस्तार गर्ने योजना बनाएको छ।

सिबक्थोर्नको संरक्षण, व्यावसायिक खेती विस्तार, प्रशोधन उद्योगको क्षमता अभिवृद्धि तथा प्रभावकारी बजारीकरणमार्फत रोजगारी सिर्जना र आयआर्जन बढाउने लक्ष्य राखिएको छ।

स्थानीय स्रोत र सम्भावनाको दिगो उपयोग गर्दै सिबक्थोर्नलाई डोल्पाको पहिचान तथा आर्थिक समृद्धिको आधार बनाउने गाउँपालिकाको योजना रहेको छ।

सिबक्थोर्नको महत्वबारे जनचेतना बढ्दै जाँदा स्थानीयवासीमा यसको उत्पादन, संरक्षण र व्यवसायीकरणप्रति आकर्षणसमेत बढ्न थालेको छ।

हिमाली क्षेत्रमा सहज रूपमा उपलब्ध यो बहुमूल्य प्राकृतिक सम्पदाको व्यावसायिक उपयोगले डोल्पाको स्थानीय अर्थतन्त्रमा नयाँ सम्भावना सिर्जना गर्ने अपेक्षा गरिएको छ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

काँक्रेविहार राष्ट्रिय दैनिक

शुक्रवार, ५ असार, २०८३
Frisday, 19 June 2026

सु.जि.प्र.का.द.नं. १३/२०५७/०५८
हु.नि.सु.द.नं. ०१/२०८२/०८३

विश्वकपको पहिलो राउण्ड सकिँदा देखिएका १० प्रमुख किस्साहरू जसले विश्वको ध्यान ताने



❐ **काँक्रेविहार संवाददाता**
हुम्ला, ४ असार

उत्तर अमेरिकामा जारी फिफा विश्वकप २०२६ को पहिलो सातालै नै फुटबल समर्थकलाई रोमाञ्च, आश्चर्य र अविस्मरणीय क्षणहरू दिएको छ।

लियोनल मेसीको ऐतिहासिक ह्याट्रिकदेखि स्पेनको अप्रत्याशित नतिजा र डीआर कङ्गोको साहसी प्रदर्शनसम्म, प्रतियोगिताले सुरुमै चर्चा बटुलेको छ।

१. मेसीको कथा अझै समाप्त भएको छैन

प्रतियोगिता सुरु हुनुअघि धेरैले यो विश्वकप लियोनल मेसीको अन्तिम विश्वकप यात्रा हुन सक्ने अनुमान गरेका थिए। तर अर्जेन्टिनी कप्तानले आफ्नो करिअरकै पहिलो विश्वकप ह्याट्रिक पूरा गर्दै विश्वकपमा सर्वाधिक गोल गर्ने कीर्तिमानसँग बराबरी गरेपछि उनले आफू अझै पनि विश्व फुटबलको केन्द्रमा रहेको प्रमाणित गरेका छन्।

२. कहाँ हराए रोनाल्डो ?

मेसीकोको चमकबीच उनका लामो समयका प्रतिद्वन्द्वी क्रिस्टियानो रोनाल्डो भने आलोचनाको केन्द्र बने। डीआर कङ्गोसँग १-१ को बराबरीमा रोकिएको खेलमा उनी प्रभाव जमाउन असफल रहे। त्यसपछि समर्थक र विश्लेषकबीच "के रोनाल्डोको स्वर्णिम समय सकियो?" भन्ने प्रश्न उठ्न थालेको छ।

३. एम्बाप्पेलाई रोक्न गाह्रो किलियन

एम्बाप्पेले फ्रान्सका सर्वकालीन सर्वाधिक गोलकर्ता बन्दै अर्को कीर्तिमान आफ्नो नाममा लेखाएका छन्। २७ वर्षीय स्टार अब विश्वकप इतिहासमा सर्वाधिक गोल गर्ने कीर्तिमानभन्दा केवल दुई गोलले पछाडि छन्। उनले नयाँ कीर्तिमान पछ्याउने बानी नै बनाइसकेका छन्।

४. गोल्डेन बुटको दौड रोचक बन्दै

प्रतियोगिताको पहिलो सातामै विभिन्न शैलीका उत्कृष्ट गोलहरू देखिए। हाल मेसी तीन गोलसहित गोल्डेन बुट दौडमा अग्रस्थानमा छन्। यता ह्यारी केन, एर्लिङ हालाण्ड र एम्बाप्पेसहित सात खेलाडी समान दुई-दुई गोलसहित दोस्रो स्थानमा छन्।

५. उपाधि दाबेदारहरूलाई सुरुमै झट्का

विश्वकप जित्ने प्रमुख दाबेदार मानिएको स्पेनले अपेक्षित सुरुआत गर्न सकेन। विश्व वरीयताको दोस्रो स्थानमा रहेको स्पेनलाई अफ्रिकाको सानो द्वीपीय राष्ट्र केप भर्डेले गोलरहित बराबरीमा रोक्यो। करिब पाँच लाख जनसंख्या भएको केप भर्डे विश्व वरीयतामा स्पेनभन्दा ६५ स्थान तल रहेको टोली हो।

६. डीआर कङ्गोलाई हल्का नठान्नू

योआने विस्साले विश्वकपमा डीआर कङ्गोको इतिहासकै पहिलो गोल गरे। पोर्चुगलसँग १-१ को बराबरी खेल्दै अफ्रिकी टोलीले आफू केवल सहभागिताका लागि नभई चुनौती दिन आएको सन्देश दिएको छ। किन्शासादेखि नियाङ्गारासम्म समर्थकहरूले यो उपलब्धिको खुसी मनाएका छन्।

७. कुरासाओको ऐतिहासिक यात्रा

जर्मनीसँग ७-१ ले पराजित भए पनि कुरासाओका समर्थकहरूको उत्साह कम भएन। विश्वकप खेल्ने इतिहासकै सबैभन्दा सानो राष्ट्र बनेको क्यारेबियन टापुका लागि प्रतियोगितामा सहभागिता नै ठूलो उपलब्धि हो। टोलीका खेलाडी लिभानो कोमेनेन्सिया देशका नयाँ नायक बनेका छन्।

८. गुलाबी बुटको क्रेज

यस विश्वकपमा खेलाडीहरूको खुट्टामा देखिएको चम्किलो गुलाबी बुटले पनि ध्यान तानेको छ। नाइकी, एडिडास र पुमा जस्ता प्रमुख कम्पनीहरूले 'इलेक्ट्रिक फुसिया' (गुलाबी र बैजनी रंगको मिश्रणबाट बनेको एक आकर्षक, चम्किलो र नियोन शेड) शैलीका बुट बजारमा ल्याएका छन्, जुन मैदानभर लोकप्रिय बनेका छन्।

९. समर्थकहरूले बनाए विश्वकपलाई महोत्सव

ब्राजिलका समर्थकहरूले हरियो-पहेंलो जर्सी, झण्डा र ढोलसहित न्यूयोर्कमा रियोको झल्को दिएका छन्। मोरक्कोका समर्थकहरूले रातो धुवाँसहितको उत्सव थप रंगीन बनाए। यता बोस्टनमा स्कटल्यान्डका प्रसिद्ध टार्टन आर्मी समर्थक समूहले पबहरू भरिभराउ बनाउँदै विश्वकपको माहोल तातेको छ।

१०. मेक्सिकोको अनौपचारिक मस्कट 'मर्लिन'

सह-आयोजक मेक्सिकोमा फुटबलको क्रेज मानिसमा मात्र सीमित छैन। मर्लिन नामको पाल्तु हाँस मेक्सिकोको जर्सी र विशेष मोजा लगाएर सामाजिक सञ्जालमा चर्चित बनेको छ। समर्थकहरूले उसलाई मेक्सिको टोलीको अनौपचारिक मस्कटको रूपमा अपनाएका छन्।

वीरेन्द्रनगरका ६१ प्रतिशत घरधुरी जोखिममा

❐ **काँक्रेविहार संवाददाता**
वीरेन्द्रनगर, ४ असार



वीरेन्द्रनगर नगरपालिका प्राकृतिक विपद्को उच्च जोखिममा रहेको एक अध्ययनले देखाएको छ। नगरपालिकाले तयार पारेको विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाअनुसार नगरका करिब ६१ प्रतिशत घरधुरी कुनै न कुनै प्राकृतिक प्रकोपको जोखिममा रहेका छन्।

प्रतिवेदन अनुसार नगरका १६ वटै वडामा रहेका २ ९ हजार २१६ घरधुरीमध्ये १७ हजार नौ सय ४२ घरधुरी बाढी, पहिरो, डुबान, आगलागी तथा भूकम्पजस्ता विपद्को जोखिममा छन्।

विशेषगरी वडा नं. १२ को खोरिया, वडा नं. १३ को अधिकांश भूभाग तथा वडा नं. १४ र १५ पहिरोको उच्च जोखिममा रहेका क्षेत्रका रूपमा पहिचान गरिएको छ। ती क्षेत्रमा रहेका एक हजार तिन सय ३५ घरधुरीमध्ये छ सय ६७ घर पूर्ण रूपमा क्षति हुन सक्ने र छ सय ६८ घरमा आंशिक क्षति पुग्न सक्ने अनुमान गरिएको छ।

नगरपालिकाका वरिष्ठ प्रशासकीय अधिकृत प्रकाश पौडेलका अनुसार वडा नं. एक देखि आठ र १२ सम्मका क्षेत्र बाढीको जोखिममा छन् भने वडा नं. नौ र १० डुबानको उच्च जोखिममा रहेका छन्।

बाढी र डुबानका कारण एक हजार दुई सयभन्दा बढी घरधुरी प्रभावित हुन सक्ने प्रतिवेदनमा उल्लेख छ। साथै नगरका दुई सय २५ घरधुरी आगलागीको जोखिममा रहेका छन्।

अध्ययनले वीरेन्द्रनगर भूकम्पको दृष्टिले पनि संवेदनशील रहेको देखाएको छ। ठूलो भूकम्प आएमा पाँच हजार आठ सय ४३ घरधुरीमा पूर्ण र १५ हजार एक सय ९२ घरधुरीमा आंशिक क्षति पुग्न सक्ने अनुमान गरिएको छ।

जनसंख्याका आधारमा नगरका करिब ६२ प्रतिशत नागरिक विपद्को जोखिममा रहेको प्रतिवेदनमा उल्लेख छ। नगरप्रमुख मोहनमाया ढकालले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७६ अनुसार नगरपालिकाले पूर्वतयारी तथा प्रतिकार्य योजना कार्यान्वयन गरिरहेको बताइन्।

सम्भावित जोखिम क्षेत्रको पहिचान, पूर्वतयारी र न्यूनीकरणका कार्यक्रमलाई प्राथमिकता दिइएको उनको भनाइ छ।

जनहितमा जारी सूचना !

- कर्णाली प्रदेश सरकार, भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय अन्तर्गत सञ्चालित ग्रामीण सडक सञ्जाल सुधार आयोजना, वीरेन्द्रनगर, सुर्खेत प्रदेशभरका ग्रामीण सडकहरूको स्तरोन्नति, विस्तार तथा दिगो सडक पूर्वाधार विकासका लागि निरन्तर रूपमा क्रियाशील रहेको जानकारी सम्पूर्ण नागरिकमा गराइन्छ।
- आयोजनाले ग्रामीण बस्तीहरूलाई जिल्ला तथा प्रदेश केन्द्रसँग सहज रूपमा जोड्ने उद्देश्यले सडक निर्माण, स्तरोन्नति, मर्मत-सम्भार तथा पहुँच विस्तारका कार्यक्रम सञ्चालन गर्दै आएको छ। सडक पूर्वाधारको विकासमार्फत शिक्षा, स्वास्थ्य, कृषि, व्यापार, पर्यटन तथा अन्य आधारभूत सेवामा नागरिकको पहुँच अभिवृद्धि गर्ने लक्ष्य लिइएको छ।
- प्रदेशका विभिन्न जिल्लामा सञ्चालन भइरहेका सडक आयोजनाहरूलाई गुणस्तरीय, समयबद्ध तथा प्रभावकारी रूपमा सम्पन्न गर्न आयोजना कार्यालय प्रतिबद्ध रहेको छ। साथै, सडक निर्माण कार्यमा स्थानीय समुदाय, सरोकारवाला निकाय तथा जनप्रतिनिधिहरूसँग आवश्यक समन्वय गर्दै विकास गतिविधिलाई अघि बढाइएको छ।
- ग्रामीण क्षेत्रको आर्थिक तथा सामाजिक विकासमा टेवा पुऱ्याउने उद्देश्यले सञ्चालित सडक निर्माण तथा सुधारका कार्यक्रमहरूमा आवश्यक सहयोग, समन्वय र सहभागिताका लागि सम्बन्धित सबै पक्षमा अनुरोध गरिन्छ।
- समृद्ध कर्णाली निर्माणका लागि सुरक्षित, गुणस्तरीय र दिगो सडक पूर्वाधार विकासमा ग्रामीण सडक सञ्जाल सुधार आयोजना सधैं प्रतिबद्ध रहेको जानकारी गराइन्छ।

ग्रामीण सडक सञ्जाल सुधार आयोजना,
आयोजना कार्यान्वयन इकाई
वीरेन्द्रनगर, सुर्खेत



काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)